६७ औं वैठक

आज मिति २०७८/०६/२४ गतेका दिन दिउँसो २:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री नृप वहादुर वडज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री नृप वहादुर वड | नगर प्रमुख | |
| २) | श्री सुशीला मिश्र भट्ट | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | कार्यपालिका सदस्य | |
| ४) | श्री नर वहादुर बम | कार्यपालिका सदस्य | |
| ५) | श्री वल वहादुर ऐर | कार्यपालिका सदस्य | |
| ६) | श्री दिपक कुमार थापाक्षेत्री | कार्यपालिका सदस्य | अनु. |
| ७) | श्री हिरा सिंह पातली | कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | कार्यपालिका सदस्य | अनु. |
| ९) | श्री सिताराम राना | कार्यपालिका सदस्य | |
| १०) | श्री नारायण प्रसाद वराल | कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम भण्डारी | कार्यपालिका सदस्य | |
| १२) | श्री राजेन्द्र राना | कार्यपालिका सदस्य | |
| १३) | श्री गंगा राम राना | कार्यपालिका सदस्य | |
| १४) | श्री गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | |
| १५) | श्री विजय राज जोशी | कार्यपालिका सदस्य | |
| १६) | श्री राम वजारी चौधरी | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १७) | श्री फुल राम चौधरी | कार्यपालिका सदस्य | |
| १८) | श्री लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राना | कार्यपालिका सदस्य | |
| २०) | श्री मुरारी अधिकारी | कार्यपालिका सदस्य | |
| २१) | श्री तिलु राम चौधरी | कार्यपालिका सदस्य | |
| २२) | श्री सिता राना | कार्यपालिका सदस्य | |
| २३) | श्री वसन्त कुमार ठाकुर | कार्यापालिका सदस्य | |
| २४) | श्री कल्याणी सिंह | कार्यापालिका सदस्य | |
| २५) | श्री गीता पन्त | कार्यपालिका सदस्य | |
| २६) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २७) | श्री प्रेम वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २८) | श्री रिष्नी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २९) | श्री प्रेम सिह विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३०) | श्री हरि बहादुर चन्द | प्रमुख प्रशासकीय अधिकृत | |
| ३१) | श्री दिजराज भट्ट | आमन्त्रित | |
| ३२) | श्री नारायण प्रशाद शर्मा | आमन्त्रित | |
| ३३) | इन्द्र [illegible] | [illegible] आमन्त्रित | |
| ३४) | महेन्द्र ब० थापामगर | वडा नं ६ का.वा. अध्यक्ष | |

निर्णय नं. १

विभिन्न वडा कार्यालयबाट सिफारिस भई आए बमोजिम निम्नानुसारका आयोजना/ कार्यक्रमहरु संशोधन गरि अस्पष्ट भएकोलाई स्पष्ट हुने गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**देहाय**

| क्र.स. | आ.व. ०७८/०७९ मा छनौट भएका योजनाहरु | सम्बन्धित वडा बाट योजना परिवर्तन माग भई सिफारिस भई आएका योजनाहरु | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | सि.नं. १४० ध.उ.म.न.पा. वडा नं. ५ गुरीलाल चौधरीको घर जाने सडक कालोपत्रे | सि.नं. १४० ध.उ.म.न.पा. वडा नं. ५ गुरीलाल चौधरीको घर जाने सडक पि.सि.सि. गर्ने | ८००,०००।- | प.स. ०७८/०७९ च.नं. ९२१ मिति ०७८/०६/१८ गतेको योजना परिवर्तनको सिफारिस |
| २. | सि.नं. २६२ ध.उ.म.न.पा. वडा नं. २ नन्दराज पन्तको घर देखि पूर्व पक्की नाली निर्माण गर्ने कार्य रु. १४००,०००।– (चौध लाख) | ध.उ.म.न.पा. २ सन्तोषीटोलमा रहेको भुवनेश्वरी मन्दिरमा रङरोगन गर्न रु. ३००,०००।– (तिन लाख)<br>ध.उ.म.न.पा. २ सन्तोषीटोल कल्वरी चर्च देखि दक्षिण चिने सार्कीको घर देखि दक्षिण तर्फको कैलाली नालामा तटबन्धन गर्ने कार्य रु. ११००,०००।– (एघार लाख) | १४००,०००।- | प.स. ०७८/०७९ च.नं. ५५१ मिति ०७८/०५/१० गतेको योजना परिवर्तनको सिफारिस |
| ३. | ध.उ.म.न.पा. वडा नं. १५ वडामा उत्पादन सामाग्री / सेवा खर्च (दस्तावेज निर्माण) रु. ७५०००।– (पचहत्तर हजार) | ध.उ.म.न.पा. वडा नं. १५ वडामा विकास निर्माण सम्बन्धि गतिविधीहरुको वृत चित्र डकुमेन्ट्री निर्माण गर्न रु. ७५०००।–(पचहत्तर हजार) | ७५०००।- | प.स. ०७८/०७९ च.नं. ३५८ मिति ०७८/०५/३० गतेको निर्णयको प्रतिलिपी |
| ४. | ध.उ.म.न.पा. वडा नं. १२ को कार्यालय सञ्चालन खर्च गर्न रु. १४००००।- | ध.उ.म.न.पा. वडा नं. १२ वडा कार्यालयको लागि डेस्कटप कम्प्युटर र प्रिन्टर खरीद १-१ थान रु. ११०,०००।– (एक लाख दस हजार)<br>ध.उ.म.न.पा. वडा नं. १२ सडक वत्ती जडा गर्ने श्रमिकलाई ज्याला दिन रु. १०,०००।– (दस हजार) | १२०,०००।- | प.स. ०७८/०७९ च.नं. ७१६ मिति ०७८/०६/२२ गतेको योजना परिवर्तनको सिफारिस |
| ५. | ध.उ.म.न.पा. वडा नं. १२ बेहडाबाबा र मुक्तिनाथ आ.वि. लाई फर्निचर खरीद गर्न रु. | ध.उ.म.न.पा. वडा नं. १२ बेहडाबाबा आ.वि. फर्निचर खरीद गर्न रु. ५०,०००।– (पचास हजार) | १००,०००।- | प.स. ०७८/०७९ च.नं. ५५१ मिति ०७८/०५/१० |

| | | | | |
|---|---|---|---|---|
| | १००,०००।– (एक लाख) | ध.उ.म.न.पा. वडा नं. १२ विभिन्न जातजातीको चाँडपर्व खर्च रु. २५०००।– (पच्चीस हजार)<br>ध.उ.म.न.पा. वडा नं. १२ वडा तथा टोलस्तरीय खेलकुद कार्यक्रम सञ्चालन गर्न रु. २५०००।– (पच्चीस हजार) | | गतेको योजना परिवर्तनको सिफारिस। |
| ६. | ध.उ.म.न.पा. वडा नं. १२ रत्ने कटेलको घर उत्तर जाने सडक कालोपत्रे गर्न रु. ५००,०००।– (पाच लाख) | ध.उ.म.न.पा. वडा नं. १२ रत्ने कटेलको घर उत्तर जाने सडक पानी पिच गर्न रु. ५००,०००।– (पाच लाख) | ५००,०००।- | प.स. ०७८/०७९ च.नं. ५५१ मिति ०७८/०५/१० गतेको योजना परिवर्तनको सिफारिस। |
| ७. | ध.उ.म.न.पा. वडा नं. १२ बि गाउँ चन्द्र बि.क. को घर नजिक शिव मन्दिर निर्माण गर्न रु. १००,०००।– (एक लाख) | ध.उ.म.न.पा. वडा नं. १२ बि गाउँ चन्द्र बि.क.को घर नजिक शिव मन्दिरको लागि मुर्ति र भजन सामाग्री खरीद गर्न रु. १००,०००।- (एक लाख) | १००,०००।- | प.स. ०७८/०७९ च.नं. ५५१ मिति ०७८/०५/१० गतेको योजना परिवर्तनको सिफारिस। |
| ८. | सि.नं. ३७६ ध.उ.म.न.पा. वडा ७ देवरीया छात्रवास टोल उद्धव बिष्टको घर देखि पश्चिम सडक कालोपत्रे गर्न रु. ७००,०००।– (सात लाख) | सि.नं. ३७६ ध.उ.म.न.पा. वडा ७ देवरीया छात्रवास टोल उद्धव बिष्टको घर देखि पश्चिम सडकमा पक्की नाली निर्माण गर्न रु. ७००,०००।– (सात लाख) | ७००,०००।- | योजना परिवर्तनको सिफारिस। |
| ९. | सि.नं. ३७० ध.उ.म.न.पा. वडा नं. ७ मेला महोत्सव दिवस सञ्चालन खर्च रु. ८०,०००।– (असी हजार) | ध.उ.म.न.पा. वडा नं. ७ वडा कार्यालयको लागि ल्यापटप/प्रिन्टर खरीद गर्न रु. ८०,०००।– (असी हजार) | ८०,०००।- | योजना परिवर्तनको सिफारिस। |
| १०. | सि.नं. ३९९ ध.उ.म.न.पा. वडा नं. ८ ल्यापटप र फर्निचर तथा फिक्चर खरीद रु. १,५१,०००।– ( एक लाख एकाउन्न हजार) | ध.उ.म.न.पा. वडा नं. ८ मा AC जडान कार्यका लागि छुट्याईएको रकममा रु. १५१,०००।– थप गर्ने। | १,५१०००।- | च.न. ५३५ मिति ०७८/६/२४ को सिफारिस पत्र |

**निर्णय नं. २**

कोभिड-१९ मूल समिति र उप समिति गठन भए पश्चात आ.व.०७६/०७७ देखि पनि बैठक भत्ता भूक्तानी हुन नसकेकोले बैठक भत्ता बाफतको रकम र कोभिड-१९ संक्रमणको दर दिनानुदिन बढिरहेको समयमा साँझ विहान काम गर्ने साथै गेटा स्याहार केन्द्रमा खटिएर जोखिम भत्ता नपाएका उप समितिका पदाधिकारीहरु र कर्मचारीहरुलाई खाना नास्ता खर्च वापतको रकम उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ३**

यस धनगढी उपमहानगरपालिका अन्तर्गत आ. व. २०७८/०७९ मा तपसिल बमोजिमका योजनाहरु वहुवर्षीय योजनामा राखी ठेक्का प्रक्रियाबाट निर्माण कार्य अगाढी बढाइएको हुँदा उक्त योजनाहरुको लागत तथा बजेट समर्थन गर्ने निर्णय गरियो ।

a. Construction of RCC Frame Structure School Building (2 Storey 8 Classrooms) of Panchadoya Secondary School Ward No. 14, DSMC and Construction of RCC Framed Structure (3 Storey 12 Classrooms) of Panchodaya Secondary School Ward No. 05, DSMC
b. Construction of RCC Motorable Bridge ( Span 1X20 ) at Jokaya Nala at Ward No. 11 DSMC
c. Construction of RCC Motorable Bridge ( Span 1X20 ) at ShukhaiGhurahiKhola at Ward No. 16 Bhada, DSMC
d. Construction of RCC Frame Structure School Building (2 Storey 4 Classrooms) of JanajagritiAadharbhut School Ward No. 15

**निर्णय नं. ४**

यस धनगढी उप- महानगरपालिका अन्तर्गत आ. व. २०७८/०७९ मा वडा न. ०२ को Fitness Center निर्माण गर्ने कार्य गर्नुपर्ने भएकाले उक्त कार्यमा लाग्ने रकम RUDP/PBSEDP बाट सोधभर्ना गरि भैपरी पुजिगत शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस धनगढी उपमहानगरपालिका अन्तर्गत आ. व. २०७८/०७९ मा तपसिल बमोजिमका योजनाहरु वहुवर्षीय ठेक्का प्रक्रियाबाट अगाढी बढाउनुपर्ने भएकोले भैपरी पुजीगत शिर्षकबाट खर्च लेख्ने गरि उक्त निर्माण कार्य अगाढी बढाउन स्वीकृति दिने निर्णय गरियो |

a. जहरी स्टील ट्रस पुल बजेट रु. ३५,४२,८३१/८८
b. धनगढी उप-महानरपालिका – ८ सास्कृतिक, शिशिर, शैलेश्वोरी, शान्ती, मुक्तिनाथ, दिनानाथ, जनता, शंकर, रामजानकी, बिरेन्द्र, साझा, गणेश,भुइया माता मार्ग,भिम महरा को घर देखि पूर्व ,दिपक के.सी.को घर देखी उत्तर ओम मेडिकल देखि पश्चिम जाने सडक लोथ्याल को घर जाने सडक कालोपत्रे गर्ने कार्य बजेट रु. ९३,७३,४३३/४३

**निर्णय नं. ६**

यस धनगढी उप- महानगरपालिका वडा न. ०६ स्थित वासुदेवी मा. वि. मा कक्षा कोठाको अभाव भएकाले उक्त विद्यालयको निर्माण भएको ४ कोठे भवन माथि दोश्रो तला निर्माण गर्नका लागी भैपरी पुजिगत शिर्षकबाट खर्च हुने गरि रु. ३०,००,०००/-बजेट बहुबर्षीय ठेक्का आह्वान गरि निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस धनगढी उप- महानगरपालिका अन्तर्गत आ. व. २०७८/०७९ मा वडा न. ०४ को Fitness Center निर्माण गर्ने कार्यको RUDP/PBSEDP बाट सोधभर्ना हुनेगरी रु. ४,००,०००/- भैपरी पुँजीगत शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस धनगढी उप- महानगरपालिका वडा न. ०७ स्थित बेली स्वास्थ्य चौकीमा Oxygen Plant को लागी Plateform र Shed निर्माणको लागी रु. ५,००,०००/- विपद व्यवस्थापन कोष शिर्षकबाट काम गराउन र भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ९**

यस धनगढी उप- महानगरपालिका वडा न. ०७ स्थित बेली स्वास्थ्य चौकीमा Oxygen Plant को लागी आवश्यक पर्ने Cylinder का लागी  Shed बनाउने Control Pannel बनाउने र Entry Gate Re- Location गर्ने काम गराउनरु. ५,००,०००/- बजेट छुट्याउने र उक्त रकम विपद व्यवस्थापन कोष ( COVID-19) शिर्षकबाट खर्च गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

यस धनगढी उप- महानगरपालिकाका विभिन्न वडाहरुमा वर्षाको समयमा खाल्टाखुल्टी पुर्ने/ मर्मत गर्ने कार्य भएकोले तपसिल बमोजिमको खर्च भैपरी पुँजीगत शिर्षकबाट व्यहोर्ने निर्णय गरियो।

**तपसिल:**

a. विभिन्न वडाहरुका सडकहरुमा खाल्टाखुल्टि पुर्ने कार्य रु. १५,००,०००/-

**निर्णय नं. ११**

यस कार्यालयको स्वामित्त्वमा रहेको Dhangadhi Shopping Center मा बहालमा बसेका ब्यापारीको अनुरोध भइ आएकोले शुद्ध खानेपानी, ब्लक बिछयाउने र नालीमा ढक्कन लगाउने कार्यको लागी रु. ५,००,०००/- कार्यालय संरचना मर्मत शीर्षकबाट खर्च गरि निर्माण गर्ने निर्णय गरियो।

**निर्णय नं. १२**

पत्रकार महासंघको पुरानो घर Dismantle गरि पर्खाल र गेट बनाउने कार्य स्वीकृत गर्ने र उक्त कार्यको लागी लाग्ने रु. ५,००,०००/- भैपरी पुजीगत शीर्षकबाट खर्च गर्ने निर्णय गरियो।

**निर्णय नं. १३**

RUDP/PBSEDP कार्यक्रम अन्तर्गत खरिद भएको Wide Format Printer machine को बाँकी भुक्तानी रकम रु. २५,९२,५३२/५० भैपरी विकास शिर्षकबाट भुक्तानी दिने र पछी उक्त रकम यस आ. व. को PBSEDP क्रमागत योजना बाट खर्च लेखि शोधभर्ना गर्ने निर्णय गरियो।

**निर्णय नं. १४**

यस धनगढी उप- महानगरपालिका -१३ श्रीलंकामा निर्माण भएको सामुदायिक Vaccination भवन वरिपरी खानेपानि टंकी बाट आएको निकास पानीले भरिने र भवनमा आवत जावत गर्न नसकिने भएकोले सो भवनको वरिपरी माटो भरान तथा पानि निकासका लागी नाली बनाउनका लागी रु. ५,००,०००/- भैपरी विकास शिर्षक बाट खर्च गरि PBSEDP कार्यक्रमबाट शोधभर्ना गर्ने निर्णय गरियो।

**निर्णय नं. १५**

यस धनगढी उप- महानगरपालिका -१९ को चिल्ड्रेन पार्क संगैको दुर्गा मन्दिरको पर्खाल फर्स र रंगरोगन गरि मर्मत सम्भार गर्ने कार्यको लागी रु. ५,००,०००/- रकम चिल्ड्रेन पार्कको बजेटबाट खर्च गर्ने निर्णय गरियो।

**निर्णय नं. १६**

यस धनगढी उप – महानगरपालिका तपसिल बमोजिमका वडा कार्यालयहरुमा माटो भरान गर्नका लागी रु. १२००,०००।- भैपरी शिर्षकबाट खर्च गर्ने निर्णय गरियो।

a. ५. न. वडा कार्यालय

b. ६ न. वडा कार्यालय

c. ९. न. वडा कार्यालय

**निर्णय नं. १७**

House Number Plate installation गर्ने कार्य Estimate अनुसार अगाढी बढाउने र भैपरी पुँजीगत शीर्षकबाट हाल रु. १०,००,०००/- बिनियोजन गर्ने र पछि RUDP/PBSEDP कार्यक्रम बाट सोधभर्ना गर्ने निर्णय गरियो।

**निर्णय नं. १८**

यस धनगढी उप- महानगरपालिका को वडा न. १५ को कनरी पार्कको बाँकी रहेको Boundary Wall नभएको ठाउँमा हाललाई काँडेतारको जाली बार लगाउनका साथै बिजुली बत्ति र सिचाई पाइपको भैपरी पुजीगत शिर्षकबाट खर्च हुने गरि व्यवस्था गर्ने निर्णय गरियो।

**निर्णय नं. १९**

राष्ट्रपति चुरे- तराई मधेश संरक्षण विकास समितिको च. न. ६६ को पत्रानुसार खुटिया नदी प्रणालीमा नदी वा खोला किनारमा स्थिरिकरण / व्यवस्थापनका लागी वडा न. १७ अन्तर्गत तपसिल बमोजिमका स्थलमा नदी नियन्त्रण कार्य गर्न चालु आ. व. ०७८/०७९ को थप बजेट तथा कार्यक्रममा समावेश गर्नका लागी प्राथमिकता अनुसार स्थल छनौट गरि पठाउने निर्णय गरियो।

a. पथरी खुटीया नदी किनार

b. धुर्जन्ना झोलुङ्गे पुल खुटीया नदी

c. खुटीया नदी धुर्जन्ना भानु मा.वि. जग्गा किनार

**निर्णय नं. २०**

धनगढी उप- महानगरपालिका रोडमा सपिंग कम्प्लेक्स निर्माण कार्य मिति ०७६/०७७ मा सम्पन्न भइ अन्तिम विल माग भएकोमा आ. व. ०७७/०७८ मा बजेट विनियोजन नभएकोले यस आ. व. २०७८/०७९ मा विनियोजित बजेट रु. २५,००,०००/- व्यवस्था भएकाले पेश भएको Variation सहितको फाइनल विल स्वीकृत गरि उक्त सपिंग कम्प्लेक्स निर्माण गर्ने साउद कन्स्ट्रक्सन लाई भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. २१**

यस धनगढी उप- महानगरपालिका को वडा न. १८ फुलवारी पशुपन्छी तथा कृषि हाट बजार संचालनका लागी पेश भएको ToR ( Term of Reference ) स्वीकृत गरि सो अनुसार सूचना प्रकाशित गर्ने निर्णय गरियो।

**निर्णय नं. २२**

जिन्सी शाखामा आउने विभिन्न सामानहरु Store गर्न कोठाको अभाव भएकोले कार्यालय संरचना मर्मत शिर्षक बाट खर्च हुने गरि एउटा सेड निर्माण गर्ने निर्णय गरियो।

**निर्णय नं. २३**

धनगढी- ०२ कृष्णनगर टोलमा एन. पि. एस. निर्माण सेवाले नालीमा गरेको Plaster गर्ने कार्यको काम सम्पन्न भइ अनुगमन सहित स्वीकृत समेत भएकोमा गत आ. व. ०७७/०७८ मा भुक्तानी हुन छुटेकोले रु. ४,९४,०००/- भैपरी पुँजीगत शिर्षक बाट खर्च गरि भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. २४**

यस धनगढी उपमहानगरपालिका क्षेत्र भित्र बन्ने सम्पूर्ण घर/ भवनहरुलाई भवन निर्माण संहितालाई पालना गरि भूकम्प लगायत अन्य कुरालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न/ गराउन भवन निर्माण अनुमती प्रक्रिया तह भवन निर्माण सुपरीवेक्षण जाँच गर्ने कार्यलाई अझ ब्यवस्थित वैज्ञानिक र चुस्त बनाउनको लागि भवन निर्माण अनुमती प्रक्रियाको सफ्टवेयर (e-BPS) को प्रयोग गरि सन्चालन गर्ने निर्णय गरियो। साथै MRT(Class C) प्रयोग गरि निर्माण हुने भवन बाहेकका सम्पूर्ण वर्गका (A र B class) भवनहरु नेपाल भूकम्प प्रतिरोध भवन निर्माण ढाँचा (NBC:105:2077) डिजाइन गर्दा अनिवार्य भवन निर्माण संहिता NBC:105:2077 लागू गर्ने निर्णय गरियो।

**निर्णय नं. २५**

आर्थिक वर्ष २०७७/०७८ मा सडक बोर्ड नेपाल संगको साझेदारीमा मल्ल निर्माण सेवा धनगढी, कैलालीले धनगढी उप-महानगरपालिका १ कैलाली पुल देखि सेतो पुल सम्मको सडक आवधिक मर्मत गर्ने काम सम्पन्न गर्नु भएकोमा उक्त सडक मर्मत सम्भारकै अवधि भित्र उप्केको/ केही स्थानमा खाल्डो परेको हुँदा उक्त सडक तत्काल मर्मत गर्न पटक पटक मौखिक तथा लिखित जानकारी गराइएकोमा उक्त फर्मबाट कुनै प्रतिक्रिया प्राप्त नभएको तथा मर्मतको कार्य समेत सुरु नभएकोले उक्त सडकको मर्मत कार्य कार्यालयबाट गरि उक्त फर्मको यस कार्यालयमा जम्मा भएको धरौटी रकम जफत गरि मर्मत गरिने र सो रकम अपुग भएमा बाँकी रकम समेत असुल उपर गरिने निर्णय गरियो।

**निर्णय नं. २६**

धनगढी-१५ तटवरीया क्षेत्रमा खुटीया नदी तटबन्धनका लागि रु. १०,००,०००।– (दश लाख) भैपरी विकास शिर्षकबाट बिनियोजन गरि योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. २७**

धनगढी-१४ ओझा टोलमा पुरानो जिर्ण अवस्थाको कल्भर्ट वर्षातको समयमा भत्कन गई आवागमन अवरुद्ध भएको र सो ठाउँमा नया कल्भर्ट/ पुल निर्माण गर्नुपर्ने भएकोले भैपरी पुजीगत शिर्षकबाट खर्च हुने गरि रु. २०,००,०००।– (बिस लाख) विनियोजन गरी निर्माण प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. २८**

वडा नं. १३ वडा कार्यालयको आ.व. ०७८/०७९ को चालू तर्फको वार्षिक कार्यक्रममा रु. ३८०,०००।– विनियोजित भएकोमा वडा कार्यालयको दैनिक कार्य सन्चालन गर्न कम्प्युटर अत्यावश्यक भएकोले पुजिगत शिर्षकमा बजेट रकमान्तर गरि कम्प्युटर खरीद गर्ने निर्णय गरियो।

**निर्णय नं. २९**

धनगढी उपमहानगरपालिका वडा नं. ४ बस्ने संगम थापाले नक्सा डिजाइन संशोधन गरी सात तलेबाट दुई तलेमा घटी नक्सा पास गरेको हुँदा निजबाट प्राप्त हुन आएको राजस्व मध्ये बाँकी रु. ६,१९,४७०।२९ फिर्ता गर्ने निर्णय गरियो।

**निर्णय नं. ३०**

धनगढी उपमहानगरपालिका वडा नं. ५ बस्ने श्री छेदालाल चौधरीको नालाको SET BACK नपुगेको हुँदा निज छेदालाल चौधरीबाट प्राप्त हुन आएको राजस्व रु. १,१०,३०८।६ फिर्ता गर्ने निर्णय गरियो।

**निर्णय नं. ३१**

धनगढी उपमहानगरपालिका वडा नं. ६ मा रहेको नगर शहरी स्वास्थ्य केन्द्रमा भैपरी पूजीगत शिर्षकबाट खर्च हुने गरि गेट निर्माण गर्ने निर्णय गरियो।

**निर्णय नं. ३२**

धनगढी-१२ सिद्धार्थनगर प्रेम शाहीको घर जाने बाटोमा वाल निर्माण (भैपरी पुजीगत शिर्षकबाट खर्च हुने गरि) गर्ने निर्णय गरियो।

**निर्णय नं. ३३**

धनगढी उपमहानगरपालिका वडा नं. ३ बस्ने श्री रोहन सिंहले नक्सा डिजाइन संशोधन गरि सात तलेबाट ६ तलेमा घटी नक्सा पास गरेको हुँदा निजबाट प्राप्त हुन आएको राजस्व मध्ये रु. ७६,१६७।– फिर्ता गर्ने निर्णय गरियो।

**निर्णय नं. ३४**

धनगढी उपमहानगरपालिकाको आ.व. ०७८/०७९ को प्रधामन्त्री कृषि आधुनिकीकरण आयोजना तर्फको स्वीकृत कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना तर्फको आ.व. ०७७/०७८ मा स्थापना भएका कृषि तर्फका साना ब्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको निरन्तरता सन्चालन गर्नु पर्नेमा यस कार्यालयबाट गत आ.व. मा नया पकेट छनौट नभई आ.व. ०७६/०७७ मा सन्चालन भएका पकेटहरुलाई निरन्तरता दिइएको हुँदा यस वर्षको कृषि तर्फका साना व्यवसायीक कृर्षि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको निरन्तरता कार्यक्रमबाट साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) मसिना धानमा कार्यक्रम संचालन गर्न स्वीकृती प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ३५**

धनगढी उपमहानगरपालिका वडा नं. १३ शिवनगरमा रहेको सनातन हिन्दु धर्म शिक्षा समितिलाई पुजा कार्यक्रमका लागि मासिक रु. ३०००।– (तिन हजार) धार्मिक संघ संस्था शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ३६**

धनगढी-३ चटकपुर राजघाट सडक Adventure-Mall JV धनगढी, कैलाली निर्माण सेवाका प्रो. चन्द्र शेखर मल्लले काममा ढिलासुस्ती गरी काम नगरेको देखिएकोले पुन: पत्राचार गर्ने र १५ दिन भित्र कामको शुरुवात नगरेमा आवश्यक कानूनी परामर्श लिई ठेक्का तोड्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ३७**

वडा नं. १५ कनरी –उर्मा- वेहडाबाबा सडकको काम रोकिएकोले निर्माण व्यवसायीलाई यथासिघ्र कार्य सुरु गर्न लगाउन सडक डिभिजन कार्यालय, महेन्द्रनगरलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ३८**

यस उप-महानगरपालिकाको कार्यालयले तयार गरेको तपसिल बमोजिमका कार्यविधीहरु विधायन समितिमा पठाउने निर्णय गरियो।

**तपसिल:-**

१. सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधी, २०७८
२. विपन्न नागरिक औषधी उपचार सहायता कार्यविधी, २०७८
३. धनगढी उपमहानगरपालिका विद्युतीय रिक्सा सन्चालन व्यवस्थापन तथा नियमन सम्बन्धि कार्यविधी, २०७८
४. धनगढी उप-महानगरपालिकाको कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधी, २०७८
५. धनगढी उपमहानगरपालिका मेलमिलाप केन्द्र सन्चालन सम्बन्धी कार्यविधी, ०७८
६. " घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधी, २०७४ पहिलो संशोधन २०७८

**निर्णय नं. ३९**

यस धनगढी उपमहानगरपालिकाको कार्यालयले तयार गरेको **सहकारी संस्थालाई अनुदान वितरण निर्देशिका, २०७८** पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. ४०**

धनगढी -१२ नौ नं. प्लट जाने सडक उपभोक्ता समिति मार्फत गत आ.व. मा ग्रावेल गरि भूक्तानी हुन बाँकी रहेको रु. २००,०००।– भैपरी विकास शिर्षकबाट भूक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ४१**

क्षेत्रिय शहरी विकास आयोजना (RUDP) अन्तरगत PBSEDP कार्यक्रमका लागि न.पा. ले व्यहोर्नुपर्ने समपूरक रकम (Matching Fund ) वापत रु. ५०,००,०००।– (पचास लाख) भैपरी पुजिगत शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४२**

विद्युत सामाग्री खरीद गर्न भैपरी पुजीगत शिर्षकबाट रु. १०,००,०००।– (दश लाख) विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४३**

सुरक्षित नागरिक आवास कार्यक्रमको लागि भैपरी पुजीगत शिर्षकबाट रु. ४,८०,०००।– (चार लाख असी हजार) विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४४**

धनगढी उपमहानगरपालिकाको 'घ' वर्गको निर्माण इजाजत पत्र व्यवस्थापन सम्बन्धि समितिको मिति २०७८/०६/०६ र ०७८/०६/२० गतेको वैठकको निर्णय अनुसार देहाय अनुसारका फर्महरुलाई 'घ' वर्गको इजाजत पत्र दिने निर्णय भई आएकोले उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

**देहाय:**

१. Chanaklal Nirman Sewa
२. Ranadev Construction
३. Suryamukhi Construction
४. Chaudhary Construction
५. Dhami Hardik Nirman Sewa
६. Chandra Sekhar Design and Construction pvt.ltd.
७. Golden JV Company Pvt.Ltd.
८. Ascent Builder and Consultant Pvt.Ltd.
९. Komal Engineering Construction and Consult Pvt. Ltd.
१०. Trinetra Construction and Consult Pvt.Ltd.

**निर्णय नं. ४५**

धनगढी उपमहानगरपालिका वडा नं. ३ नागेश्वरी मन्दिरलाई पुजाआजा खर्च वापत अनुदान स्वरुप धार्मिक संघ संस्था शिर्षकबाट रु. २००,०००।– (दुई लाख) दिने निर्णय गरियो।

**निर्णय नं. ४६**

गेटा कोरोना स्याहार केन्द्रमा दैनिक ज्यालादारीको रुपमा खटीएका कर्मचारीहरुलाई पारिश्रमिक गोदावरी न.पा. र ध.उ.म.न.पा. ले जम्मा खर्चको आधा– आधा रकम ब्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ४७**

पर्यटन पर्वद्धन , रोजगार श्रृजना गर्ने लगायत निजी क्षेत्रमा सन्चालित पर्यटन उद्योग, तारे होटल सम्बन्धी अन्य व्यवसायलाई निर्माण गर्दा भवनको राजस्व अन्य सुविधा/ छुट दिने सम्बन्धमा कार्यविधी बनाई लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४८**

धनगढी उपमहानगरपालिकामा गुरुकूल विद्यालय र निजी विद्यालयहरुलाई ग्रेड निर्धारण गरि सोको कार्यविधी बनाई लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४९**

धनगढी उपमहानगरपालिका वडा नं. ५ स्थित रहेको भैरव बाबा मन्दिर निर्माणमा थप रु. २५०,०००।– (दुई लाख पचास हजार) भैपरी पुजिगत शिर्षकबाट दिने निर्णय गरियो ।

**निर्णय नं. ५०**

पत्रकार महासघं जिल्ला शाखा कैलालीलाई अनुदान स्वरुप रु. ३००,०००।– (तिन लाख) अन्य संघसस्था लाई चालू अनुदान शिर्षकबाट दिने निर्णय गरियो ।

**निर्णय नं. ५१**

वडा नं. २ स्थित  इश्वर बमको घर देखी गणेश बमको जमिन घर सम्म ग्रावेल गरेको रु. २५५,०००।– (दुई लाख पचपन्न हजार) भूक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५२**

रिषिकेश पिठ धर्म संरक्षण समिति धनगढी-७ लाई रु. ५००,०००।– (पाँच लाख) अनुदान स्वरुप धार्मिक तथा सास्कृतिक संघ सस्था सहायता शिर्षकबाट भूक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५३**

धनगढी-६ नजरीया सडकमा ग्रावेल गर्ने कार्यका लागी पुजीगत भैपरी शिर्षकबाट लाल बहादुर विष्टलाई रु. ७०,०००।– (सत्री हजार) भूक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५४**

धनगढी-५ तारानगरमा विश्वनाथ भट्टको घर देखी शेर बहादुर बिष्टको घरसम्म अधुरो पि.सि.सि. सडक निर्माणका लागि भैपरी पुजीगत शिर्षकबाट रु. ५००,०००।– (पाँच लाख) भूक्तानी दिने निर्णय गरियो ।

**निर्णय न. ५५**

यस धनगढी उप-महानगरपालिकाको राजश्व परामर्श समितिको मिति २०७८/०५/०२ को बैठकबाट कवाड कर ठेक्का सम्बन्धमा आ.ब. २०७७/०७८ को न्युनतम अंकलाई आधार मानी रु. १,३५,००,००० कायम गर्ने निर्णय भएको र उक्त ठेक्का कार्य चालु आ.ब. २०७८/०७९ को मंसिर १८ गते सम्मका लागि ठेक्का सम्झौता गरिएकोमा चालु आ.ब. को बाकी ७ महिना १२ दिन (२३३ दिन) को समयावधिको उक्त न्युनतम ठेक्का रकमको दामासाहीले हुन आउने रकम रु. ८२,४७,९४५ (अक्षरुपी बयासी लाख सत्तचालिस हजार नौ सय पैतालिस मात्र) न्युनतम अंक कायम गरी बिधुतिय प्रणाली (E-bid) को मध्यम द्वारा सूचना प्रकासित गर्ने निर्णय पेश हुन् आएकोले अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय न. ५६

यस धनगढी उप-महानगरपालिका राजश्व परामर्श समितिको मिति २०७८/०३/०३, २०७८/०५/२८ र २०७८/०६/०७ गते को बैठकबाट अनुमोदनका लागि पेश हुन् आएका तपशिल बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

क. आ.ब. २०७८/०७८ का लागि आन्तरिक आय तर्फको ढुंगा, गिट्टी, बालुवाको शुल्क उठाउने ठेक्काको न्युनतम ठेक अंक रु, १,९६,००,००० (अक्षरुपी एक करोड छियानब्बे लाख मात्र) मा प्रथम पटक सूचना प्रकाशित गरेकोमा आगामी आ.ब. २०७८/०७९ का लागि प्राविधिकको प्रतिबेदन अनुसार रु. २,०८,२०,००० न्युनतम ठेक अंक कायम गरी बढाबढको सूचना प्रकशित गर्ने र अनुमोदनका लागि नगर कार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो ।

ख. यस न.पा. भित्र स्वास्थ्य संस्था दर्ता, नबिकरण, स्तरोन्नति तथा सेवा थप सम्बन्धि कार्य बिधि २०७७ को अनुसूची ७ अनुसार तपशिल बमोजिमको दर्ता अनुमति दस्तुर लिन निर्णय गर्नका लागि नगर कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | बिबरण | दर्ता/ईजाजत शुल्क |
|---|---|---|
| १ | १५ सैया सम्मको अस्पताल | ७५,००० |
| २ | स्वास्थ्य क्लिनिक, आयुर्बेद क्लिनिक, सेवारिग्पा (आम्चि), होमोप्याथी क्लिनिक, फार्मेसी, खुद्रा र यस्तै प्रकारका अन्य क्लिनिक | १०००० |
| ३ | फिजियोथेरापी केन्द्र, पुनर्स्थापन केन्द्र (मनोसामाजिक), प्राकृतिक उपचार केन्द्र, अकुपंचर, अर्कप्रसर केन्द्र, युनानी उपचार केन्द्र, योग, ध्यान तथा शारीरिक ब्यायाम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिक तथा सेवा केन्द्रहरु | १०,००० |
| ४ | जेरियाटिक परामर्स केन्द्र, जेष्ठ नागरिक सेवा केन्द्र, असहाय सेवा केन्द्र | ५,००० |
| ५ | डी र ई वर्गको प्रयोगशाला | १०,००० |

ग. यस धनगढी उप-महानगरपालिकाको वडा न. १५ मा बगर खेती ठेक्का कार्य रु. ३३,००० (तेतिस हजार )कायम गरि सुचना प्रकाशित गरिएकोमा अनुमोदन का लागि पेश हुन आएकोले अनुमोदन गर्ने निर्णय गरियो ।

घ. यस धनगढी उपमहानगरपालिका वडा न.१९ मा निर्णय गरिएको बाल उद्यानमा तपशिल बमोजिम प्रवेश शुल्क तोक्न नगर कार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो ।

- १० वर्ष सम्मको बालबालिकाको लागि प्रवेश शुल्क लाग्नेछैन तर निजको साथमा जाने व्यक्तिलाई तोकिय बमोजिम प्रवेश शुल्क लाग्नेछ -
- विद्यार्थीहरुलाई रु. १०
- स्वदेशी नागरिकहरुको लागि रु. २०
- बिदेशी नागरिकलाई रु. ५०
- भिडियो क्यामेरालाई रु. ४००
- फिल्म सुटिंगलाई रु.१०००

ङ. यस धनगढी उप-महानगरपालिकाले आ.व. ०७८/०७९ बिज्ञापन कर संकलनका लागि मिति २०७८/०२/१७ मा २७,००,११५ न्यूनतम अंक कायम गरी प्रथम पटक मिति ०७८/३/२० मा दोस्रो पटक र मिति २०७८/४/२२ मा तेस्रो पटक सुचना प्रकासित गर्दा कुनै पनि व्यक्ति वा संस्थाले सिलबन्दी बोल पत्र पेश नगरेकोमा मिति २०७८/५/२ गते यस नगरपालिका राजस्व परामर्श समितिमा यस बिषयमा छलफल भै पुन:१ पटक रु.१८,००,००० न्युनतम अंक कायम गरी

१५ दिन सुचना प्रकाशित गर्ने र त्यस सुचना अनुसार पनि कुनै पनि व्यक्ति वा संथाले दरभाउ पत्र पेश नगरेमा अर्को प्रक्रियाबाट अघि बढाउने भन्ने निर्णय भएकोमा पुन: १८,००,००० न्युनतम अंक कायम गरी १५ दिने सुचना प्रकाशित गर्दा कुनै पनि फर्म वा संस्थाले प्रस्ताब पेश नगरेको हुदा रु १४,००,००० न्युनतम अंक कायम गरी सात दिनको सूचना प्रकाशित गरी डाक बढाबढको प्रक्रियाबाट अगाडी बढाउने निर्णय गर्नका लागी नगर कार्यपालिकामा सिफारिस भई आएकोले अनुमोदन गर्ने निर्णय गरियो ।

च. यस नगरपालिकाको आ.व.२०७८/२०७९ का लागि तपसिल बमोजिमको शिर्षकमा तपशिल बमोजिमको कर/शुल्क स्वीकृत गरि लागु गर्न नगर कार्यपालिकामा पेश हुन आएकोले पेश हुन आए बमोजिम अनुमोदन गर्ने निर्णय गरियो ।

- मोबाइल (घुम्ती) रेस्टुरेन्ट लाई रु. २,५००।-
- आधुनिक मेसिनबाट इट्टा बनाउने उद्योगलाई रु. ३०,०००।-

छ. वडा न. १९ मा निर्माण भएको फुलबारी बसपार्क २०७८ असार सम्म नगरपालिकाले आफै व्यवस्थापन गर्ने पार्किङ्ग शुल्कको हकमा फुलवारी वसपार्कमा राती बसे बाफत प्रति बस रु. २५ लिने र लामो दुरीमा चल्ने बसको हकमा भाडा को १५% र छोटो दुरीको हकमा २०% क दरले Round Figure हुने गरी पार्किङ्ग शुल्क लिने निर्णय गरियो ।

ज. बस पार्कमा संचालन हुने क्यान्टिनको छुट्टै सूचना प्रकासित गरी ठेक्का लगाउने निर्णय गरियो । फुलबारी बसपार्कमा पार्किङ्ग शुल्क तिरी सकेपछि धनगढी उप-महानगरपालिकाको अन्य अंगमा पार्किङ्ग शुल्क नलिने निर्णय गरियो ।

झ. यस नगरपालिकाको आ.व.२०७८/२०७९ का लागि तपशिल बमोजिमको शिर्षकमा तपशिल बमोजिमको कर/शुल्क स्वीकृत गरि लागु गर्न नगर कार्यपालिकामा पेश हुन आएकोले अनुमोदन गर्ने निर्णय गरियो ।

- केबुलकार, टिभी लाई रु. ३,०००
- Geo Testile, Roof Fan Pannel, Eco Pannel रु. ३,०००

ञ. यस धनगढी उप-महानगरपालिकाको वडा न. १ पशुपति टोल शिव मन्दिर (पशुपति मन्दिर) पश्चिम मेनरोडमा यस उप-महानगरपालिकाको स्वामित्वमा रहेको जग्गामा बनेको घर/टहरा बिगत लामो समय देखि थोरै रमकमा भाडामा लागिरहेको र धेरै बर्ष देखि भाडा बृद्दी समेत नभएकोले हाल उक्त जग्गामा बनेका टहराहरुमा भाडामा बस्ने व्यक्तिहरुलाई नया भाडादर तोकी सम्झौता गरी भाडामा दिन मनासिव देखिएको हुदा उक्त ठाउँमा चलन चल्तीमा रहेको भाडा दर के कस्तो छ बुझी पेश गर्न राजश्व परामर्श समितिका सदस्यको संयोजकत्वमा तपशिलका बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री तिलक बोहरा (सदस्य राजश्व परामर्श समिति) | संयोजक |
| श्री हरि प्रसाद भट्ट (वडा सचिव वडा न. १) | सदस्य |
| श्री रमेश बोहरा (नासु राजश्व शाखा) | सदस्य |

ट. यस धनगढी उप-महानगरपालिकाको "घ" श्रेणी निर्माण व्यवसायी ईजाजतपत्र पत्र सम्बन्धि कार्यविधिमा आवश्यक संसोधन गर्नु पर्ने भएकोले अन्य स्थानीय तहबाट ठाउँ सरि भई आउने निर्माण व्यवसायी ईजाजतपत्रको व्यवस्था समेत समावेश गर्ने गरी र जाचबुझ समितिमा आवश्यक विज्ञ सदस्य थप गर्ने गरी निर्णय गरियो ।

ठ. यस धनगढी उप-महानगरपालिका क्षेत्र भित्र ईजाजत पत्र लिई संचालनमा रहेको ई-रिक्सा व्यवस्थापन सम्बन्धि हाल सम्म कुनै पनि व्यवस्थापन कार्यबिधि नभएकोले व्यवस्थापन कार्यमा कठिनाई भएको हुदा तत्काल ई-रिक्सा संचालन तथा व्यवस्थापन कार्यविधि तयार गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५७**

धनगढी उपमहानगरपालिका भित्र रहेका गौशालाहरुलाई सन्चालन गर्न कार्यविधी बनाई कार्यविधी अनुसार सन्चालन गर्ने निर्णय गरियो ।